याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नम्बर:- ९५-२०८१/०८२

मिति:- २०८२-०२-१४
नेपाल संवत:- ११४५ तछलाथ्व ०१, बुधवार

## विषय:- गोलिया कटान सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संख्या ११९-१०-२०८१/०८२ मिति २०८२/०२/१३ गतेको निर्णयबाट यस गाउँपालिका क्षेत्रभित्र **"गोलिया कटान तथा निकासी सडक निर्माण सम्बन्धी कार्यविधि २०८२"** पारित भई उक्त कार्यविधि याङवरक गाउँपालिकको स्थानीय राजपत्रमा प्रकाशन भई सकेको हुँदा उक्त कार्यविधि अनुरुप नयाँ गोलिया कटान हुने गरी तथा यो भन्दा पहिला नै कटान आदेश पाई कटान हुन बाँकीको हकमा सम्बन्धित वडाबाट वडाअध्यक्षलाई कटान हुने क्षेत्र र रुख संख्या एकिन गरी कटान गर्ने गरी यस कार्यालयबाट रोक्का गरिएको गोलिया कटानको कार्य निम्न अनुसारका शर्तहरु सहित खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. गाउँपालिका वा वडाबाट सिफारिस लिई कटान हुन बाँकी गोलियाको हकमा : कटान आदेश भएको मध्ये कटान हुन बाँकी रुख संख्या डिभिजन वन कार्यालयबाट प्रमाणीत गरी सम्बन्धित वडा अध्यक्षबाट स्थलगत अवलोकन गराई कटान गर्ने।

२. नयाँ कटान आदेशको लागि : याङवरक गाउँपालिकाको गोलिया कटान तथा निकासी सडक निर्माण सम्बन्धी कार्यविधि २०८२ अनुसारको प्रकृया पुरा गरी कटान गर्ने।

३. कार्यविधि अनुसार सिफारिस लिने: प्रत्येक वर्षको जेष्ठ मसान्त देखी भाद्र २० गेत सम्म सिफारिस नहुने।

४. गोलिया कटान तथा ओसारपसार : प्रत्येक वर्षको असार १५ गते देखी भाद्र मसान्त सम्म बन्द रहने र सोहि समयमा कालोपत्रे सडक बाहेकका स्थानमा गोलिया ओसारपसारका कार्य बन्द रहने।

२०८२/२/१५

मदन के.सी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत